E-mail: tumbewa.gaunpalika@gmail.com Website: http://tumwewamun.gov.np

# तुम्वेवा गाँउपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पत्र संख्याः- ०७६/०७७
चलानी नं:- ६१९

मौवा, पाँचथर

प्रदेश नं.१, नेपाल।
मितिः- २०७६/०९/०१

## सेवा करारमा रोजगार संयोजक पदपुर्ति गर्ने सम्बन्धी सूचना !

### प्रथम पटक प्रकाशित मिति २०७६/०९/०१

यस गाउँकार्यपालिकाको कार्यालयको रोजगार सेवा केन्द्रमा रहेर कार्य गर्नका निम्ति तपसिलका पदमा सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकालेयोग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपुर्वकको दरखास्त आह्वान गरिन्छ।

**तपसिलः**

| क्र.स | विज्ञापन नं | पद | माग संख्या |
|---|---|---|---|
| १ | ०२/०७६-०७७ | रोजगार संयोजक ( छैटौ तह ) | १ (एक) |

१. **शैक्षिक योग्यता:** मान्यता प्राप्तशिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको।

२. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि। संलग्न कागजात उम्मेद्वार स्वयंले अनिवार्य प्रमाणित गरेको हुनुपर्नेछ।

३. **उमेर हद :** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

४. **परीक्षाको विधि र किसिम:**रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ ले निर्धारण गरेको Shortlisting , र छनौट परीक्षा ( सेवा सम्बन्धी विषय र कम्प्युटर सम्बन्धी विषय ) तोकिएको पुर्णाङ्क र पाठ्यक्रम को अधिनमा रहेर लिइनेछ।

५. **आवेदन दस्तुर तथा आवेदन दिने तरिका**:आवेदन दस्तुर रु. १०००/- मात्र।(आवेदनको साथ गाउँ कार्यपालिकाको कार्यालयमा नगदै बुझाएको रसिद वा यस कार्यालयको प्राइम क. बैंक तुम्बेवा शाखा पाँचथरमा रहेको संचित कोष खाता नं. ०७४०००९५ CAमा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ)। दरखास्त फारम कार्यालयमा नि:शुल्क उपलब्ध हुनेछ।

६. **करार अवधि:**१ (एक) वर्ष। (आवश्यकता अनुसार थप हुन सक्ने)

७. **काम गर्नुपर्ने स्थान:** गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका ५ वडाहरु।

८. **सम्पादन गर्नपर्ने कामको विवरण:** मापदण्डमा उल्लिखित कार्यविवरण अनुसार।

९. **पारिश्रमिक:**मापदण्डले निर्धारण गरेअनुसार।

१०. **आवेदन दिने अन्तिम मिति र स्थान:** २०७६/०९/१५गते सोमबार कार्यालय समय भित्र (गाउँपालिका कार्यालय, मौवा, पाँचथर)

११. **परीक्षा मिति:** प्रारम्भिक योग्यताक्रम (Shortlisting ) को सुची संगै प्रकाशन गरिनेछ।

रितपुर्वक प्राप्त नभएका र म्याद नाघि आएका दर्खास्त उपर कुनै कार्वाही हुने छैन। थप जानकारीका लागि तुम्बेवा गाउँकार्यपालिकाको कार्यालय, मौवा, पाँचथरमा उपस्थित भई तथा मोबाईल वा ईमेल मार्फत (९८०१४४५९३१ *tumbewa.gaunpalika@gmail.com*) मा सम्पर्क गर्न सकिनेछ।

माथि उल्लेख भए बाहेकका विषय रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

"सक्षम निजामती प्रशासन विकास, समृद्धि र सुशासन"